स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

ཨཱོཾ། ། ཧེ་ལམ་བུ་ཡུལ་ཚོ་ལས་ཁུངས། །

गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु,मेलम्ची,सिन्धुपाल्चोक

बागमती प्रदेश,नेपाल

प.सं: २०८३/८४

च.नं.:

## दीर्घरोगीहरुको नामावली नविकरण सम्वन्धि सूचना

प्रकाशित मितिः-२०८३/०४/०५

प्रस्तुत विषयमा यस हेलम्बु गाउँपालिकाको नागरिकहरुलाई स्वास्थ्य उपचार निःशुल्क गर्ने गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप दीर्घरोगीहरुको लागि निःशुल्क औषधी वितरण कार्यविधि,२०७७ को व्यवस्थालाई कार्यान्वयन हुने गरि मितिः- २०८० चैत्र १ गते देखि सम्बन्धित दीर्घरोगीहरुको तोकिएको कागजात/रेकर्ड अनुसार औषधी खरिद गरेको सक्कल बिल अनुसारको रकम सम्वन्धित व्यक्तिको बैंक खाता मार्फत भुक्तानी हुदै आइरहेको व्यहोरा अनुरोध छ ।आ.व २०८३/०८४ को नीति तथा कार्यक्रममा व्यवस्था भए बमोजिम २०८३ श्रावण महिना भित्र नविकरण गर्नु पर्ने प्रावधान बमोजिम तपसिलमा उल्लेखित कागजात सहित विरामी आफै उपस्थित भई वा विरामी उपस्थित हुन नसक्ने अवस्थामा बिरामीको प्रत्येक्ष रेखदेख गर्ने व्यक्तीले वडागत स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्रमा उपस्थित भई तोकिएको समय भित्र दीर्घरोगीहरुको नामावली नविकरण गर्नुहुन सम्बन्धित सबैमा यसै सूचना मार्फत सूचित गरिन्छ ।

- अनिवार्य सरकारी अस्पतालमा उपचार/फलोअप गरेको बिरामी पुर्जाको प्रतितिपी ।
- अनिवार्य मतदाता परिचय पत्रको प्रतिलिपी ।
- नागरिकता/राष्ट्रिय परिचय पत्र/जन्मदर्ता प्रतिलिपी ।
- नेपाल सरकार तथा स्थानिय तहलाई तिर्नु पर्ने पछिल्लो आ.व २०८२/०८३ को राजस्व तिरेको रसिदको प्रतिलिपी ।
- वालविवाह नभएको/महिला हिंसा नभएको/घरमा सुत्केरी नभएको/राष्ट्रिय खोप कार्यक्रममा वालवालिका छुट नभएको स्व घोषणा तथा दीर्घरोगी नविकरण/दर्ताको लागि वडा कार्यालयको सक्कल सिफारिस पत्र ।
- औषधी खरिद गरिएको सक्कल विल ।
- बैंक खाता(चेकको प्रतिलिपी) ।

(नोटः- सम्पुर्ण नियमित औषधि खाने वा खानुपर्ने दिर्घरोगीहरुले हेलम्वु गाउँपालिका स्थित हेलम्वु प्राथमिक अस्पतालमा मेडिकल अधिकृत(डाक्टर)उपलब्ध भएकोले उपचार तथा पुन जाँच(फलोअप) गर्न सकिने छ ।

स्वास्थ्य शाखा प्रमुख



*Website: www.helambumun.gov.np E-mail: info@helambumun.gov.np, helamburm@gmail.com*